बेनी नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १०, बेनी, पौष १४ गते, २०८२ साल          अतिरिक्ताङ्कः १५

**भाग-१**

**बेनी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

मिति २०८२/०९/१४ गते बसेको बेनी नगरपालिकाको नगर सभाको अठारौँ अधिवेशनले बेनी नगरपालिकाको विनियोजन (पहिलो संशोधन) ऐन, २०८२ स्वीकृत गरेकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेनी नगरपालिकाको विनियोजन ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक

<u>**प्रस्तावनाः**</u> गत आर्थिक वर्षको अन्त्यमा खर्च भई बाँकी रहेको बैंक मौज्दात चालु आर्थिक वर्षका लागि वार्षिक बजेटमा समावेश भएको अनुमानित बैंक मौज्दात रकमभन्दा बढी हुन गएकोले थप योजना तथा कार्यक्रममा सञ्चित कोषबाट विनियोजन गरी खर्च गर्न बेनी नगरपालिकाको विनियोजन ऐन, २०८२ लाई संशोधन गर्न बाञ्छनीय भएकोले बेनी नगरपालिकाको नगरसभाको अठारौं अधिवेशनको बैठकले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> यस ऐनको नाम **बेनी नगरपालिकाको विनियोजन (पहिलो संशोधन) ऐन, २०८२** हुनेछ।यो ऐन बेनी नगरपालिकाको नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् प्रारम्भ हुनेछ ।

२. <u>**विनियोजन ऐन, २०८२ को दफा २ मा संशोधनः**</u> विनियोजन ऐन, २०८२ को दफा २(१) को सट्टा देहायको दफा २(१) राखिएको छ ।

आर्थिक वर्ष २०८२।८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लिखित चालु खर्च र पुँजीगत खर्च समेत गरी जम्मा रकम रु.

७३,०९,६२,०००।- ( अक्षरुपी त्रिहत्तर करोड नौं लाख बैसठ्ठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. अनुसूची १ मा संशोधन गरी देहाय बमोजिम कायम गरिएको छ ।

रु. हजारमा

| क्र.स. | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १. | नगर कार्यपालिका, विषयगत शाखा र वडा | ५३,८७,०९.९९३ | १९२२५२.००७ | ० | ७३,०९,६२ |

आज्ञाले
अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८२/०९/१४